# ईन्द्रावती गाउँपालिकाको
# आ.व. २०८१/०८२ को
## प्रस्ताबित नीति तथा कार्यक्रम

सभाध्यक्ष महोदय,

१) सभाका सम्पुर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँपालिकाका विषयगत शाखा प्रमुखहरु, स्वास्थ्य संस्थाका इन्चार्ज तथा स्वास्थ्यकर्मीहरु, वडासचिबहरु तथा सबै कर्मचारीहरु, उपस्थित पत्रकार, रेडियोवाट प्रत्यक्ष रुपमा सुनिरहनु भएका गाउँपालिकाबासी आदरणीय आमा, वुवा, दाजुभाइ दिदीवहिनीहरु,

२) ईन्द्रावती गाउपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भई ईन्द्रावतीको भुगोल, जनभावना, बिकासप्रतिको धारण, सँस्कृति र सामाजिक पृष्ठभूमि तथा सुखि नेपाली सम्मृद्ध नेपालको राष्टिय आँकाक्षा समेतलाई हृद्यगँम गदै सँबृध्द ईन्द्रावतीको हाम्रो चाहाना अभिब्यक्त हुनेगरि बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउदा हामीलाई हर्ष बिभोर भएको छ ।

३) लोकतन्त्रका आधारभूत मूल्य र मान्यताको सम्मान, मानव अधिकारको सँरक्षण तथा सुशासन र पारदर्शितापृति हाम्रो प्रतिबध्दता सहित दिगो बिकासका लक्ष्यहरु आत्मसात गर्दै आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । यस महत्वपुर्ण घडिमा नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता,स्वाधिनता, नागरिक अधिकार र लोकतन्त्र प्राप्तिका बिभिन्न कालखण्डका अभियानमा सहभागी भई नेतृत्व प्रदान गर्ने हाम्रा अग्रजहरु एवं शाहदात प्राप्त गर्ने अमर शहिदहरु र ईन्द्रावतीको सम्मृद्धिमा योगदान पु-र्याउनुहुने अग्रजहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

४) स्थानीय तहको दोस्रो निर्वाचन गत मिति २०७९ बैशाख ३० गते सम्पन्न भई उक्त निर्वाचन मार्फत प्राप्त नया जनादेश बमोजिम वर्तमान जनप्रतिनिधि निर्वाचित भई आएको दुई वर्ष व्यतित भइसकेको छ । ईन्द्रावतीका आम नागरिकको विकास, रुपान्तरण, संमृद्धि र सत्कर्मको लक्ष प्राप्तीको तीब्र चाहना परिपूर्ति गर्नुपर्ने गहन जिम्मेवारी यस गाउँसभाउपर रहेको छ । हामी जनप्रतिनिधिहरुले पदभार ग्रहण गरि कार्यारम्भ गरेको तीन वर्षे कार्यकालमा नागरिकको हामी प्रतिको विश्वास र भरोषालाई अझ बढाउँदै अपेक्षित विकास, निर्माण र सुधारका काम गर्दै दीगो पूर्वाधारको विकास, उद्यमशीलता र स्वरोजगारीका माध्यमबाट जीवनस्तर माथि उठाउँदै अगाढी बढ्नु पर्ने चुनौती छ । अब हाम्रो ध्यान सम्पूर्ण रुपमा आर्थिक विकास र मानवीय क्षमता एवम् संसाधनको विकास र विस्तारमा केन्द्रित हुनेपर्ने अवस्था छ । यो मर्मलाई आत्मसात गर्दै ईन्द्रावतीको सम्मृद्धिलाई हामीलाई बिश्वार गर्नुहुने संपूर्ण इन्द्रावतीबासी समुदायप्रति यहाँहरुको शुसासन र विश्वासप्रतिको उत्कट अभिलासालाई सम्मान गर्दै हाम्रो बाँकी अबधिमा समेत यहाँहरुको आवश्यकता, चाहना र हाम्रा प्रतिबद्धता अनुरुप कार्य गर्ने बिश्वास दिलाउन चाहन्छु ।

५) स्थानीय सरकारप्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरुको समेत कमी, विभिन्न कारणले विश्वव्यापी रुपमा भईरहेको आर्थिक मन्दिका कारण विकास निर्माणका क्रियाकलापमा पुग्न गएको क्षति, रोजगारीका सीमितताका बीचबाट माथि उठ्दै उपलब्ध स्रोत साधनलाई कुशलतापुर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहँदा रहदै पनि गाउँपालिकाप्रतिको गाउँवासीहरुको सद्भाव, विकास र समृद्धि प्रतिको गाउँपालिकावासीहरुको उत्कृष्ट चाहनाको परिणामस्वरुप गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउँन सकिने कुरामा म पूर्ण विश्वस्त छु। गाउँपालिकाको कोषमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त तथा हाम्रै आन्तरिक स्रोतको सीमित बजेटका अलावा अन्य गैर सरकारी क्षेत्रका विकास साझेदारहरुका तर्फबाट विकास आयोजनाहरु तर्जुमा र कार्यान्वयनका लागि गाउँपालिका संगको सम्पर्क र समन्वयमा उच्चस्तरको परामर्श र सहयोग प्राप्त हुनेछ भन्ने मैंले विश्वास लिएको छु।

६) प्रस्तुत नीति तथा कार्यक्रम २०७२ सालमा जारी भएको नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौ आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना , गाउँपालिकाको आवधिक योजना, त्रिवर्षिय खर्च संरचना, र यो योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझाव र सिकाईका आधारमा आगामी आ.व को लागि नीति तथा कार्यक्रम तयार गरिएको छ। प्रस्तुत नीति कार्यक्रम र यसका आधारमा बन्ने बजेट कार्यान्वयनबाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै समृद्ध नेपाल, सुखि नेपाली को राष्ट्रिय आकांक्षा पुरा गर्दै ईन्द्रावती बासीको शान र गौरव वृद्धिमा समेत सहयोग पुग्ने विश्वास समेत लिएको छु।

**सभाध्यक्ष महोदय,**

**प्रस्तुत नीति, कार्यक्रम र बजेटका उद्देश्यहरु निम्न बमोजिम रहनेछन्।**

क) नागरिकका आवश्यकता, चाहना र मागलाई ध्यानमा राख्दै अत्यावश्यक पूर्वाधारहरुको प्रवन्ध मिलाउने।

ख) उपलब्ध श्रोत, साधन  र अवसरको उच्चतम परिचालन गरि **सुखी र खुसी ईन्द्रावती बासी - संमृद्धीका लागि विकासमा लिन्छौं तीब्र गति** भन्ने मान्यताका साथ आर्थिक, सामाजिक र मानवीय शंसाधनको विकास गर्ने।

ग) वातावरणीय प्रभाव मुल्यांकन गरि वातावरण अनुकुलन दिगो विकासको अवधारणाका आधारमा मध्यम तथा आधारभुत आबश्यकताका पुर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने।

(घ) गुणस्तरीय शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको मान्यतालाई कार्यन्वयन गर्ने।

यिनै सम्भावना र चुनौतीबीच आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु जसको लक्ष आर्थिक, सामाजिक तथा समन्यायीक विकास सहित ईन्द्रावती गाउँपालिकालाई समृद्ध बनाउनु रहेको छ।

माथिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा प्राथमिकता  प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## पुर्वाधार विकास सम्वन्धि नीति :

(क) ईन्द्रावती चक्रपथ निर्माण कार्यको सम्भाव्यता अध्ययन गरी सम्भाव्य रुट यकिन भई संघीय सरकार, प्रदेश सरकार र छिमेकी पालिकाहरुसँग  आवश्यक समन्वय गरि निर्माण कार्यलाइ निरन्तरता दिइने छ।

(ख) गाउँपालिकाले तयार गरेको सडक यातायात गुरुयोजना वमोजिम प्रदेश सरकारसँगको समन्वयमा गाउँपालिकाको केन्द्रबाट १२ वटै वडा कार्यालयसम्मका पहुँच मार्गहरुलाई बाह्रै महिना यातायात सञ्चालन हुने गरि स्तरोन्नती गरी क्रमशः कालोपत्रे गरिदैं लगिनेछ ।

(ग) अधुरा रहेका वडा कार्यालय भवनहरु निर्माण तथा मर्मत सम्भार सम्पन्न गरिने छ । साथै सवै वडा कार्यालयहरुमा वैकल्पिक उर्जा सहितको सुविधाको व्यवस्था गरिनेछ ।

((ङ) भूकम्पबाट क्षति भएका अझैसम्म निर्माण नभएका विद्यालय भवनहरु निर्माण कार्यको थालनी गरिने छ ।

(छ) आवश्यक भएका स्थानहरुमा झोलुङ्गे पुलहरुको निर्माण कार्यलाई तिब्रता दिइने छ ।

(ज) **हाम्रो सडक राम्रो सडक** अभियानका साथ गुणस्तरीय सडक निर्माण कार्यलाई प्रोत्साहित गरिने छ । तोकिएको मापदण्ड अनुरुप उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, निर्माण ब्यवसायी र फर्मलाई पुरस्कृत गरिने छ ।

(झ) दीगो विकासको मान्यता अनुरुप सडक मापदण्ड पूर्ण रुपमा पालना गरिनेछ ।

(ञ) मध्य पहाडि लोकमार्गसंग जोडिएका ईन्द्रावतीका बस्तीसम्म आवतजावत गर्ने मुल सडकहरु आगामी अ.व. ०८१/०८२ भित्रै हिउँद वर्षा दुबै मौसममा सवारी आवगमन हुने व्यवस्था मिलाइने छ । वडा कार्यालय र गाउँपालिकाको कार्यालय जोड्ने मुख्य सडकहरु विना अवरोध निर्वाध सवारी चल्नसक्ने व्यवस्था मिलाइने छ ।

(ट) ग्रामीण विद्युत खपतको दर बढाउँदै लैजाने नीति लिइनेछ ।

(ठ) नेपाल विद्युत प्राधिकरण सँगको समन्वयमा विद्युतीय दुर्घटनाबाट हुने क्षतिलाई निर्मुल गर्दै नाङ्गो तारलाई केबल तारले क्रमशः विस्थापन गरिंदै जाने नीति लिइने छ ।

(ड) वडा नं १ का अझैसम्म बिद्युतीय सेवाबाट बञ्चित परिवारमा बिद्युतीय सेवा पुर्‍याइनेछ ।

(ढ) सडक मर्मत सम्भार कोषमा थप रकम व्यवस्था गरि एकपटक निर्माण सम्पन्न भई बिग्रे भत्केका सडकहरुलाई सोही कोषको रकम मार्फत मर्मत सम्हार गरिने छ । सडकमा ढल निकासको रेखदेख गर्न र क्षति हुन नदिने व्यवस्था गर्नका लागि हेरालुको व्यवस्था गरिने छ ।

(ण) भवन निर्माण गर्दा भवन संहिताले तोकेको मापदण्ड अनिवार्य रुपमा पुरा गर्नुपर्ने र नक्सा पास गर्नुपर्ने प्रावधान सुनिश्चित गरिने छ । भवन संहिता जारी हुनुभन्दा अगाडी बनेका भवनहरुले नक्शा पास गर्दा ५० प्रतिशत कर छुटको ब्यवस्था गरि नक्शापास र पालिकामा अभिलेखीकरण गर्ने कार्यलाई अभिप्रेरित गरिनेछ ।

(त) नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा ईन्द्रावती नदि किनारामा रहेका फाँट तथा टारहरुलाई सिँचाइ सुविधा उपलब्ध गराउँन कम्तीमा ४ ठाउँमा भूमिगत सिँचाइको प्रवन्ध मिलाइने छ । माथिल्ला टार तथा फाँटहरुमा सिँचाईको प्रवन्ध गरि उपादकत्व बढाइने छ ।

(थ) पालिका क्षेत्र भित्रका सबै खानेपानी आयोजनाहरुको लगत उतार गरी N-WASH सिस्टममा सुचिकृत गरिने छ । यसै आ.व. भित्र N-WASH Plan बनाई प्राथमिकताको आधारमा आयोजना कार्यन्वयन गरिने छ ।

(द) गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालय, वडा कार्यालयहरु, स्वास्थ्य कार्यालय तथा इकाईहरु लगायतका सार्वजनिक सेवा प्रदायक कार्यालयहरुमा निशुल्क इन्टरनेट सेवा उपलब्ध गराइने छ । इन्टरनेटको गुणस्तरीयतामा बिशेष जोड दिदै NET को क्षमता बढाईने छ ।

ध) **<u>हरित सडकको</u>** अवधारणालाई कार्यान्वयन गर्दै सम्वन्धित वडा कार्यालयको समन्वयमा पालिकाका निर्माण कार्य सम्पन्न भएका मुख्य सडकका दायाँ बायाँ वृक्षारोपण गरिनेछ ।

न) गाउँपालिका भित्रका मुख्य सडकका चोक र बजार क्षेत्रमा बिधुत एवं वैकल्पिक उर्जा मार्फत **<u>"उज्यालो सडक" कार्यक्रम</u>** तर्जुमा एंव कार्यन्वयन गरिनेछ ।

प) साना साना पानीका स्रोत भएका स्थानहरुमा रिजर्भ ट्याङ्की निर्माण गरी सिँचाई योजनाहरु सञ्चालन गरिने छ ।

फ) गाउँपालिकामा रहेका कृषि सडकहरुको स्तरोउन्नती गर्न थप पहल गरिने छ ।

(व) बस्तीसम्म जाने परम्परागत गोरेटो बाटोको स्तरोन्नती गरिनेछ । निकास, चरन क्षेत्र आदिको संरक्षण गरिने छ ।

भ) संघीय सरकार, वागमती प्रदेश सरकार र गाउँपालिकाको लगानीमा सडक कालोपत्रे तथा सडक ग्राभेल गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।

म) गाउँपालिकाका रणनैतिक रुपमा महत्व राख्ने प्रमुख सडकहरुमा ट्राफिक संकेतहरु र सडकको जानकारीमुलक विवरण राखि नेपाल सरकार र प्रदेश सरकारका निकायहरुमा अभिलेखका लागि पठाइनेछ ।

**य)** पूर्वाधार विकासमा जनसहभागीताको नीति लिइनेछ ।

**र)** पालिकाको उपयुक्त स्थानमा मनमोहन स्मृति पार्क निर्माण गरि पिकनिक स्पटको रुपमा समेत विकास गरिनेछ ।

**ल**) ग्रामीण सडकहरुमा सार्बजनिक यातायातको पहुँच बिस्तारको नीति लिइनेछ ।
**व**) संघ प्रदेश र सरोकारवालासंग आवश्यक साझेदारी गर्दै विकास निर्माणमा वस्ती विकास मापदण्ड, भवन संहिता, तथा सडक यातायात गुरुयोजना निर्माण/परिमार्जन गरि व्यवस्थित बसोवासको नीति लिइनेछ ।

## सिँचाईं सम्बन्धि नीति :

१. कृषि पकेट क्षेत्रहरुको पहिचान गरी **जनसहभागितामा आधारित सिँचांई कार्यक्रम** निरन्तर सञ्चालन गरिनेछ ।
२. संघ, प्रदेश तथा स्थानीय सरकारको सह लगानीमा सञ्चालन हुने बृहत सिँचाई आयोजनाका साथै पालिका स्तरबाट सञ्चालन हुने साना सिँचाई कार्यक्रमलाई समेत प्राथमिकतामा राखिनेछ ।
३. निर्माणाधिन सिँचाईं आयोजनालाई प्राथमिकता दिईनुका साथै पुरा भैसकेका योजनाहरुको मर्मत सम्भार कार्य गर्दै पारदर्शि बनाउनको लागि उपभोक्ता समितिको क्षमता अभिबृद्धि गरिनेछ ।
४. सिँचाइ सुविधा कम भएका ईन्द्रावती नदी किनारका कम्तीमा ४ स्थानमा कृषि क्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ सिँचाई आयोजनाहरु सञ्चालन गर्न भूमिगत जल सिँचाई आयोजना लगायतका साझेदार निकाय संग समन्व गरि निर्माण कार्यलाइ अघि बढाइनेछ ।
**५. वडा नं. ५ को** कोइरालटार देखि वडा नं ११ को बिसदेउटारसम्मको क्षेत्रमा सिँचाई गर्नका लागि सम्भाव्यता अध्ययन गरि संरचना निर्माणका लागि विकास साझेदारहरुसंग सहकार्यको नीति लिइनेछ ।
६. सिँचाईयोग्य जमिनको पहिचान गरि सम्भाव्यता अध्ययन, गरी सिंचित क्षेत्र विस्तार गर्दै लगिनेछ ।

## <u>खानेपानी तथा सरसफाई नीति :</u>

- गाउँपालिकाका सबै वडाहरुमा स्वच्छ खानेपानी सुबिधा पुऱ्याइनेछ ।
- पालिकाकै गौरवको रुपमा रहको ईन्द्रावती बृहत खानेपानी आयोजनाको कामलाई तीब्रता दिई समयमै आयोजना पुरा गरी जनताको खानेपानीको आधारभूत माग र आवश्यकतालाई यसै आ.वमा पुरा गरिनेछ । आयोजनाले समेट्न नसकेको वडा नं. १, २ र ३ लाई कार्यक्रममा समाबेश गर्नका लागि बिशेष पहल गरिनेछ
- गाउँपालिका स्तरीय **खानेपानी उपभोक्ताहरुको सञ्जाल** गठन गरिने छ । उक्त सञ्जाल मार्फत सम्पुर्ण योजनाहरुलाई दिगो एवं भरपर्दो रुपमा सञ्चालनको व्यवस्था मिलाईनेछ । खानेपानी मर्मत संभार कोषलाई वृद्धि गरि बिग्रे भत्केका आयोजनाहरुको मर्मत सुधारका कार्य यसै कोष मार्फत गरिने छ ।
- ईन्द्रावती गांउपालिकालाई पूर्ण सरसफाई युक्त पालिका बनाउनको लागि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसंग समन्वय र सहकार्य गरी **<u>पूर्ण सरसफाईका पाँच प्लस एक</u>** सूचकहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।
- नवलपुर बजार तथा बजारोन्मुख क्षेत्रहरुको सरसफाइ तथा फोहरमैला व्यवस्थापनको नीति लिइनेछ । फोहर व्यवस्थापनका लागि जनचेतनामुलक विशेष कार्यहरु सञ्चालन गरिने छ। फोहर मैला संकलन तथा व्यवस्थापन पद्धति अवलम्बन गरिने छ ।
- खानेपानीका मुहानको संरक्षण गर्न उच्च जलाधार क्षेत्र तथा सीमसार क्षेत्रमा वृक्षारोपण तथा भूक्षय नियन्त्रण कार्यक्रम सञ्चालन गरिने छ । खानेपानीका मुहान क्षेत्रको सरसफाईमा विशेष ध्यान पुर्याइने छ ।
- पालिकामा खानेपानी बोर्ड गठन गरि खानेपानीका सबैखाले समस्या समाधानका लागि प्रयास गरिनेछ । खानेपानीका मुल, तथा मुहानहरुको दर्ता तथा सरसफाइको नीति लिइनेछ ।

## बैक<u>ल्पिक उर्जा</u>

- **<u>"घर भित्रको वायु प्रदुषण मुक्त"</u>**गाउपालिका घोषणा गर्ने अभियानको थालनी गर्न निम्न कार्यक्रमहरुलाई साझेदार व्यक्ति/निकायसंगको समन्वयमा उचित अनुदानको व्यवस्था गरिनेछ ।
- जनताको स्वास्थ्यलाइ बिशेष ध्यान दिइ वातावरण व्यवस्थापनलाई सहयोग पुऱ्याउन सुधारिएको चूलो जडान गर्न नागरिकहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- सार्वजनिक निजी साझेदारीमा गाउँपालिकाका संभाव्य स्थानहरुमा गोबरग्याँस प्लान्ट स्थापनामा पहल गरिनेछ ।

सौर्य उर्जाको प्रवर्द्धन गरिनेछ ।

## कृषि तथा पशुपालन नीति :

- **जंगली जनावर तथा अन्य वन्यजन्तुको आतंक**बाट पीडित किसानलाई उक्त आतंकबाट मुक्त गर्न सोही अनुरुपका खेतीबाली लगाउन प्रोत्साहन गरिनेछ ।
- बैदेशिक रोजगारीवाट फर्किएका रोजगार विहिन भएका २० देखि ४० वर्ष उमेर समुहका युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गराई **उत्पादनमुलक कार्यको लागि प्रोत्साहन**को व्यवस्था मिलाइने छ ।
- कृषिमा व्यवसायिकरण तथा आधुनिकीकरण ल्याउन कृषकलाई उत्साहित गराउन उत्पादनमा आधारित **उत्कृष्ट कृषक विशेष अनुदान** कार्यक्रम अवलम्बन गरिने छ । कृषि लघु उद्यमको विकास तथा कृषकलाई बित्तीय पहुँचको व्यवस्था गरिनेछ ।
- **उत्पादन साथमा अनुदान** हातमा भन्ने नीति अनुरुप सहकारी संस्थाहरुको समन्वयमा कृषकले उत्पादन गरेका फलफुल, तरकारी, खाद्यान्न, माछा मासुको बजार प्रवन्ध मिलाइने छ । तुलनात्मक लाभ भएका वस्तुको उत्पादन तथा व्यवसायीकरणलाई उत्पादनमा अनुदान दिई प्रोत्साहन गर्दै कृषि जन्य पदार्थ सङ्कलन केन्द्र क्रमशः निर्माण गर्दै लगिने छ । सहकारी मार्फत उत्पादित वस्तुहरुको बजार सुनिश्चित गरिने छ ।
- **माटो परीक्षण शिविर** सञ्चालन तथा कृषकको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सम्भाव्यताका आधारमा पालिकाका १२ वटै वडाहरुलाई **कृषि तथा पशुपालन पकेट क्षेत्रको** रुपमा घोषणा गरी सो अनुसारका कार्यक्रम लागु गरिने छ ।
- कृषिमा व्यवसायिकरण तथा आधुनिकीकरण ल्याउनको लागि आवश्यक रासायनिक मल, उन्नत बीउविजन तथा आधुनिक उपकरणहरु वितरण तथा सो मा अनुदानको व्यवस्था गरिने छ ।
- प्राङ्गारिक खेतीको अवधारणाको साथ अर्गानिक कृषि पकेट क्षेत्रको विकासका लागि **<u>एक वडा एक अर्गानिक फर्म</u>** स्थापना गर्न प्राविधिक सहयोग र अनुदानको व्यवस्था गरिनेछ ।
- परम्परागत खेति प्रणालीलाई प्रतिस्थापन गरि उत्पादनमा विविधिकरण मार्फत कृषिलाई आधुनिकीकरण तथा बवजारीकरणलाई प्रोत्साहन गरिनेछ ।
- गाँउपालिका स्तरमा रहेका खेतीयोग्य तर जनशक्तिको अभावमा बाँझो रहेका जग्गालाई **स्थानिय भूमि बैंक** स्थापना गरि उक्त बैंकमा जग्गा प्राप्तीको प्रकृया थालिने छ । भुमी बैंकमा प्राप्त हुन आएका जग्गाहरु जग्गाको अभावमा खेतीगर्न नपाएका कृषकहरुलाई सकेसम्म सामुहिक खेती प्रणाली मार्फत परिचालन गर्ने नीति लिइने छ । भूमि बैंकमा आबद्ध हुन चाहने कृषकहरुलाई १ पटकका लागि जग्गाको मालपोत करमा विशेष सहुलियत प्रदान गरी प्रोत्साहन गरिनेछ ।
- **एक वडा, एक उत्पादनको** नीतिलाई प्राथमिकता दिई हरेक वडाको सम्भाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरि कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गरिने छ ।
- **वडागत वृहत नर्सरी स्थापना** गरी स्थानिय स्तरमा नै तरकारी तथा फलफुलको स्वस्थ वेर्ना उत्पादन गरी स्थानिय कृषकहरुमा उपलब्धता सुनिश्चित गरिनेछ ।
- **बाली बीमाको** व्यवस्था सुरु गरी बाली बीमामा अनुदानको प्रबन्ध मिलाइने छ ।
- सहकारी मार्फत सहकारी सँगको लागत साझेदारीमा कृषि एम्बुलेन्स सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।
- जलवायु मैत्री कृषिको लागि साना सिँचाई, थोपा सिँचाई, प्लास्टिक पोखरी निर्माण, वर्षातको पानी संकलन पोखरी निर्माण जस्ता कार्यमा सहायता दिइने छ ।
- वडा नं.७ मा निर्माण सम्पन्न भएको सित भण्डार सञ्चालनको लागि आवश्यक उपकरणको व्यवस्था मिलाई फलफुल तथा तरकारी संकलन, भण्डारण र सुरक्षण कार्य प्रारम्भ गरिने छ ।
- गाउँपालिकामा कम्तीमा **एक नमुना कृषि फर्म** सञ्चालन गर्ने कार्य प्रारम्भ गरी नमुना कृषि पाठशालाको रुपमा विकास गरिने छ ।
- रसायनिक मल वितरणलाई सरल सहज र व्यवस्थित बनाइनेछ । रासायनिक मल ढुवानीको व्यवस्था मिलाइनेछ ।

- निजी क्षेत्रको साझेदारीमा गाउँपालिकाको उपयुक्त स्थानमा कृषि औजार उपकरण मर्मत केन्द्र स्थापना गरिनेछ ।
- कृषकको आयआर्जनमा थप वृद्धि गरी **व्यवसायिक मौरी पालन कार्य**क्रमलाई निरन्तरता दिइनेछ ।
- **कृषि व्यवसाय प्रर्वद्धनका** लागि समान उद्धेश्य भएका कृषकहरुको क्षमता अभिवृद्धि गरी कृषिको व्यवसायिकरणमा टेवा पुऱ्याईनेछ ।
- **उच्च मुल्यको बाली खेती प्रर्वद्धन** कार्यक्रम सञ्चालन गरी १२ वटै वडामा सम्भावना भएका उच्च मुल्यका बालीमा व्यवसायिक खेतीको सुरुवात गरी कृषकको जीवनस्तरमा आर्थिक वृद्धि ल्याईनेछ ।
- **बगर खेती** कार्यक्रम सञ्चालन गरी ईन्द्रावती नदी किनारको उत्पादनशील जग्गाको सदुपयोग गरी सामुहिक रुपमा सम्भावित **उच्च मुल्यको बाली** जस्तै आलु , तरबुजा आदि खेती गरी कृषकको जीवनस्तरमा वृद्धि ल्याईनेछ ।
- कृषकहरुको जीवनस्तर उकास्नको लागि सम्भावित वडामा सम्भाव्य बालीको व्यवसायिक विउ उत्पादनमा जोड दिईनेछ ।
- वडागत प्राविधिकले सञ्चालन गर्नेगरी वडास्तरीय सेवा केन्द्र स्थापना गरी कृषकमा प्रविधिको पहुँच सुनिश्चित गरिनेछ ।
- महिला लक्षित कार्यक्रम सञ्चालन गरी महिलाहरुको सीप विकास गरी महिला उद्यमीलाई प्रोत्साहन  गरिनेछ ।
- **कृषकको श्रम कृषककै बाली, खेतीयोग्य जमीन नराखौं खाली**को भावना अभिप्रेरित गरि बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्याज खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी कृषकलाई व्यवसायिक प्याज खेतीतर्फ आकर्षित गराई कृषकको आयस्तरमा वृद्धि ल्याईनेछ ।
- गाउँपालिकाको आर्थिक विकासका लागि नगदे तरकारी बाली प्रर्वद्धन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

- खेतीयोग्य जग्गा बांझो राख्न नपाउने गरि खालि जग्गाहरुमा सम्वन्धित जग्गा धनिहरुको समन्वयमा भाडामा जग्गा लिई व्यक्तिगत फर्म वा <u>**सामुहिक कृषि**</u> को अवधारण अनुरुप समुह मार्फत <u>**सामुहिक खेती कार्यक्रम**</u> सञ्चालन गरि स्वरोजगार मुलक कार्यक्रम सञ्चालन गर्न प्राविधीक सहयोग साथै मल र बीऊमा अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ । उक्त कार्यमा प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत अन्य संघ संस्था र दातृ निकायसंग साझेदारी गर्ने नीति लिइनेछ ।
- २० रोपनीभन्दा बढी जग्गामा कृषि व्यवसाय गर्ने किसानलाई व्यवसायिक विज्ञ प्राविधिक सेवा निशुल्क दिइने छ भने त्यस्ता व्यवसायीलाई मल र बीउ र प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराइने छ ।
- ईन्द्रावती गाउँपालिकाको **मर्म जमिनमा कृषि कर्म** नाराका साथ किसानलाई कृषि कर्मका लागि अत्यावश्यक ट्याक्टर लगायतका कृषि यन्त्र तथा उपकरणहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । साना सिँचाई, थोपा सिँचाई, कृषि पोखरी निर्माण, वर्षद्को पानी संकलन गर्ने पोखरी निर्माण जस्ता कार्यमा सहायता दिइने छ ।
- ईन्द्रावती गाउँपालिकालाई फलफुलमा आत्मनिर्भर बनाउन यस वर्ष १५ हजार रोपनीमा फलफुल खेती शुरु गरिनेछ ।
- वडा नं ११ र १२ लाई दलहन बालीको पकेट क्षेत्र घोषणा गरि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- नवलपुरमा रहेको कृषि संकलन केन्द्रलाई सञ्चालनमा ल्याउन बिशेष पहल गरिनेछ ।
- पशुमा कृत्रिम गर्भाधान कार्यक्रम तथा उन्नत जातका पशुपंक्षी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- वर्षमा एक दिन कृषि दिबश मनाउने र कृषि पेशामा संलग्न कृषकले वर्षभरीमा उत्कृष्ट उत्पादन गरे वापत पुरस्कृत गरिनेछ ।
- ईन्द्रावतीमा उत्पादन भएका कृषि उत्पादन बजारीकरणमा सहयोग पुऱ्याउन तथा आर्थिक गतिबिधि बढाउनका लागि ईन्द्रावती महोत्सबको आयोजना गरिनेछ ।

- ईन्द्रावती गाउँपालिकालाई दुध उत्पादनमा आत्मनिर्भर पालिका घोषणा गरिनेछ । दुग्धजन्य उप उत्पादन कुरौनी, पनिर, मिठाइ, लगायतका उत्पादन उद्योग स्थापना गरि ब्राण्डीङ, लेबलिङ तथा प्याकेजिङ गरि बजारीकरणमा पहल गरिने छ ।
- पशुपक्षि नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- गुठी जग्गाको समस्या समाधान गर्ने निति लिईने छ ।
- अनुदान पाएका पशुपालन तथा कृषिजन्य कार्यक्रमको अनुगमनलाई व्यवस्थित गरिनेछ ।

## सहकारी तथा टोल बिकास संस्था सम्बन्धि नीति :

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ ।
- सहकारी र टोल बिकास संस्था मार्फत सीपमुलक, स्वरोजगारमुलक तालिम सञ्चालन गर्नुको साथै अबलोकन भ्रमण सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरिक तयार गर्न जोड दिइने छ । साथै महिला सहकारी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरुलाई COPOMIS प्रणलीमा अनिबार्य आवद्ध गर्नका लागि क्षमता अभिबृद्धि गरिनेछ ।
- सहकारी संस्थाहरुको नियमित अनुगमन र नियमन गरी सहकारी क्षेत्रमा हुनसक्ने वित्तीय अनुशासनहीनतालाई पूर्णतः निस्तेज गरिने छ ।
- विषय मिल्ने सहकारीहरुको एकीकरणलाई प्रोत्साहित गरिनेछ ।
- सहकारीमा आधारीत चक्लाबन्दि खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
- सहकारीमा आधारित सुपथ मुल्य एग्रोभेट र सहकारी खुद्रा पसल र व्यवशायलाई अनुदानको व्यवस्था मिलाईनेछ ।
- सहकारीहरुको प्रतिष्पर्धात्मक क्षमता विकास गर्न र सहकारीहरुलाई सहकारीकै सिद्धान्त वमोजिम सञ्चालन गर्न प्रेरित गर्ने उदेश्यले सहकारीहरुको वर्गीकरण गर्ने कार्य सूरुवात गरिनेछ र वर्गीकरणका आधारमा गाउँपालिकावाट प्रवाह हुने अनुदानलाई प्रवाहित गरिनेछ ।
- सहकारीका उत्पादनहरुको लेबलिङ, ब्राण्डिङ गरी त्यस्ता सामाग्रीहरुको बजारीकरणका लागि प्रदर्शनी मेला आयोजना गर्न सहयोग गरिने छ । उत्कृष्ट उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गरिने छ ।
- सहकारी व्यवस्थापन तथा लेखा व्यवस्थापन तालिमका माध्यमबाट सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
- सानाकिसान कृषि सहकारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सहयोग गरिने छ ।
- टोल विकास संस्था गठनको प्रकृया सम्पन्न गरी उक्त संस्थाहरुलाई अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा दर्ता गर्ने ब्वस्था गरिनेछ ।
- टोल विकास संस्थाहरुको नेतृत्व विकास गरि **सामाजिक व्यवहार सुधार सम्वन्धि कार्यक्रम** सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- टोल विकास संस्था मार्फत विभिन्न खाले सचेतना र सरसफाई सम्वन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## घरेलु, साना, उद्योग तथा उद्यम विकास नीति :

- वडा नं. १० को ठुलीटार क्षेत्रलाई उद्योग ग्रामको रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिकामा उद्योग कल कारखाना र ठूला व्यवसाय स्थापना र सञ्चालनको लागि लगानी तथा व्यवसाय मैत्री वातावरण सुनिश्चित गरिनेछ ।
- उद्योग निर्माणमा त्रिपक्षीय साझेदारी( प्राइभेट, पब्लिक र सहकारी क्षेत्र) लाई प्रोत्साहन गरिने छ ।
- ठूला व्यवसायीलाई ब्याज अनुदानको ऋण प्राप्त गर्न बैंक तथा व्यवसायीबीच सहजीकरण गरिनेछ । स्थानीय कला, सीप, क्षमता र जनशक्तिको प्रयोगबाट उत्पादित वस्तुहरुको प्रयोगमा जोड दिइने छ ।

- स्थानीय सीपलाई आधुनिकीकरण र व्यावसायीकरण गर्न स्थानीय सिपमा आधारित र श्रममुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु सञ्चालन गरिनेछ ।
- परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्बर्द्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ ।
- श्रममुलक घरेलु तथा साना उद्योगहरुको विकास गरि रोजगारी सिर्जनामा सहयोगको लागि गाउपालिकाबाट **तालिम र घुम्तिकोषको** व्यवस्था गरिनेछ ।
- महिला उद्यमीहरुको पहिचान र विकासका लागि विभिन्न शिपमुलक तालिमका साथै बीउपुँजी अनुदान र प्रविधि हस्तान्तरण गरिनेछ । र उद्यमी समुह दर्ता र परिचालन गरिनेछ ।
- गाँउपालिका स्तरमा लघु उद्यम बिकास कार्यक्रमलाई निरन्तरता दिई साना, घरेलु तथा लघु उद्यमहरुको बिकास गर्न शिप, प्रबिधि र बिउपुँजि उपलब्ध गराउने नीति लिईनेछ ।
- यस गाउपालिका भित्र रहेका वेरोजगार तर उद्यमी सोच भएका यूवाहरुलाई लक्षित गरि गाउँपालिकाको उपयुक्त स्थानमा लागत साझेदारीमा गारमेन्ट उद्योग सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका भित्र लघु तथा घरेल उद्योग मार्फत स्थानीय पहिचान झल्काउँने उत्पादित सामाग्रीहरुको संकलन गरी विक्री वितरणका लागि कोसेली घर सञ्चालनमा ल्याइने छ ।
- गाउँपालिका भित्र सञ्चालित लघु, घरेलु तथा सबैखाले व्यवसायलाई अनिवार्य रुपमा पालिका कार्यालयमा दर्ता तथा नवीकरण गरी करको दायरा भित्र समेटिने छ । साथै यसरी पालिकामा दर्ता हुन आएका व्यवसायीहरुलाई मात्र पालिकाले दिने सहयोग तथा अनुदान उपलब्ध गराइने छ ।
- वडा नं १, २, ३ र ४ लाइ लप्सी, पकेट क्षेत्र घोषणा गरि लप्सीजन्य उद्योग स्थापना मार्फत स्वरोजगारमा बृद्धि गरिनेछ ।
- अदुवा तथा बेसार प्रशोधन उद्योग स्थापना गरी कम्तीमा १० जना युवालाई रोजगारी सिर्जना गरिने छ ।
- व्यवशायिक रुपमा जडिवुटी उत्पादन, प्रशोधन, वजारीकरण गर्ने उद्यमी र किसानहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- बैंक बित्तीय संस्थासंगको सहकार्यमा अध्यक्ष उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय समुदायलाई आयआर्जन क्रियाकलाप मार्फत स्वरोजगार बन्नका लागि उपाध्यक्ष सम्बृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## पर्यटन विकास नीतिः

- पर्यटकीय गुरुयोजना तयार भैसकेको क्षेत्रहरुमा क्रमश प्राथमिकताका आधारमा संरचनाहरु बनाउन सुरु गरिनेछ ।
- उच्च आर्थिक वृद्धि र रोजगारीको सम्भावना वोकेको पर्यटन क्षेत्रको विकासका लागि ऐतिहासिक महत्वका स्थानहरुको संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । भुकम्प स्मारक भृकुटी शान्ति पार्कमा हरेक वर्ष वैशाख १२ गते भूकम्पमा दिवंगतहरुको सम्झनामा विशेष कार्यक्रम गरी स्मरण गरिनेछ ।
- वडा नं. ५ मा रहेको १२ वर्षको हिँउदको समयमा पानी पलाउँने ऐतिहासिक नयाँपानी क्षेत्रमा धार्मिक तथा पर्यटन महोत्सव आयोजना गरी पर्यटन प्रवर्द्धन गरिने छ । उक्त क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माण गरिने छ ।
- पुरातात्विक महत्वका मठ, मन्दिर, गुम्बा तथा चर्चहरुको संरक्षण र संम्बर्द्धन गरी धार्मिक, साँस्कृतिक पर्यटकहरुको आर्कषण बढाईनेछ ।
- प्रत्येक वर्ष जनै पूर्णिमाको दिनमा लाग्ने नौलिंगेश्वरी जात्रा, तीजमा लाग्ने रणनैनेश्वर महादेवको जात्रा, ऐसेलुखर्क, नवलपुर लगायतका स्थानमा नेवारी समुदायको विशेष जात्रा गाइजात्रा, बिस्केटजात्रा,लाखेजात्रा लगायत जात्राहरुको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिने छ ।
- वडा नं. ५ मा रहेको गोल्मेश्वर गुफामा ऐतिहासिक तथा पुरातात्विक तथ्यको अध्ययन, अन्वेषण गरी पर्यटन प्रवर्द्धन गर्नको लागि गुरु योजना बनाई आवश्यक कार्य प्रारम्भ गरिने छ ।

- साँस्कृतिक रुपले धनी यस गाउँपालिकाको नौलिंगेश्वरी, गुफाडाँडा क्षेत्र तथा वडा नं. ११ र १२ को माझी एवम् दनुवार संस्कृतिलाई लक्षित गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरु आकर्षण गर्न होमस्टे, गुम्वास्टे र होटलस्टेको व्यवस्थाका लागि स्थानीय वासिहरुलाई आवश्यक सीप प्रदान गरिनेछ। यसवाट स्थानीय वासीहरुको आय आर्जनमा वृद्धि गर्ने नीति लिईएकोछ। गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन वोर्ड संगको सझेदारीमा तर्जुमा गरिएको एकीकृत पर्यटन गुरु योजना कार्यान्वयमा ल्याईनेछ।
- यस गाउँपालिकामा बसोबास गर्ने आदिबासी जनजातिहरुको संस्कृति प्रवर्द्धन गरी पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास गरिने छ।
- नवलपुरबाट लहरेमाने, गुफाडाँडा, नौलिङ, ओखेनी पर्यटन पदमार्गको बिकास गरिने छ। साथै छिमेकी पालिकासंग समन्वय गरी अन्तर पालिका पर्यटन प्रवर्द्धनमा जोड दिई गुफाडाँडा र पाँचपोखरीको गन्तव्य मार्गका रुपमा ईन्द्रावतीलाई विकास गरिने छ।
- पर्यटकलाई आकर्षषण गर्नका लागि नमुना बस्ती विकासको अवधारण बमोजिम स्थानीय जाति र संस्कृति झल्किने गरी एकीकृत बस्ती विकास गरिने छ।
- गाउँपालिका भित्र बहु सास्कृतिक संग्राहालय स्थापना गरिने छ।
- वडा नं २ को नौलिंगेश्वरी महादेव, वडा नं. ९ को रानी ओढार गुफाको संरक्षण सम्बर्द्धन गरि प्रचारप्रसार गरिनेछ। वडा नं. ९ र १० को बुढीचौर पर्यटन क्षेत्रको बिकास र बिस्तार गरि प्रत्येक वर्ष पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा नं ३ को पाताल क्षेत्र, सतिको माने र रातो पहरालाई पर्यटन गन्तब्यको रुपमा विकास गरिनेछ।

## बातावरण तथा विपद व्यवस्थापन

### वन, वनस्पति, भू संरक्षण र वातावरण

- विकास आयोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ। साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।
- विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइने छ। विद्युतीय चुलोको खरिदमा विशेष अनुदानको व्यवस्था गरिने छ।
- हावापानी कार्यालय सँग समन्वय गरि गाउँपालिकाको वडा नं ९ र १० को बुढीचैरमा हावापानिको मापन गर्ने यन्त्र जडान गर्न पहल गरिनेछ।
- गाउँपालिका स्तरका हरेक कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा **वातावरण मैत्री स्थानीय शासनको अवधारणा**लाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समुह तथा कबुलियती वन समुहहरुसंगको सहकार्यमा बृक्षारोपण र वन संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक बनलाई समुदायको आयआर्जको माध्यम बनाउने गरी परिचालनको नीति लिइनेछ। सा.ब.उ.स.हरुसंग सहकार्यको नीति लिइनेछ।
- ऐलानी, पर्ती, सार्बजनिक जग्गा यकिन गरी त्यस्ता जग्गाको संरक्षण गरिनेछ। अतिक्रमित जग्गा खाली गराउने तथा खाली जग्गाहरुमा घेरावार गर्ने कार्यलाई प्राथमिकताका साथ यसै वर्ष थालनी गरिनेछ । यस्ता सावर्जनिक जग्गामा सामुहिक रुपमा उत्पादनमुलक कार्य सञ्चालनमा प्रोत्साहन गरिने छ।
- वर्षौदेखि ऐलानी जग्गा जोतभोग गरी आएका धनीपूर्जा नभएका ईन्द्रावती नदी किनारका किसानहरुलाई आवश्यक प्रक्रिया पुरा गरी धनीपूर्जा वितरण गर्न पहल गरिने छ।
- बिपद व्यबस्थापन संग सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभाबकारी बिपद व्यबस्थापनको लागि कार्ययोजना बनाई लागू गरिने छ। जोखिम युक्त स्थानमा रहेका एबम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पीडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुर्नस्थापना गरिनेछ।

- **<u>विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका</u>** बमोजिम बिपदबाट प्रभाबित परिवारलाई राहत तथा उद्दार कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् व्यवस्थापनमा युवाहरुलाई स्वयमसेवकीय हिसाबले परिचालन गर्ने नीति लिइने छ ।
- आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरि विपद्को समयमा सोही केन्द्रबाट विपद्को पूर्व सूचना, खोज, उद्धार तथा राहतका कार्यक्रम सञ्चालन गरिने छ ।
- वडा स्तरीय बिपद् ब्यवस्थापन समितिको क्षमता विकास गरिनेछ ।
- पालिका तथा वडा तहमा अत्यावश्यक खोज तथा उद्धार र राहतका सामाग्रीहरुको भण्डारण गरिने छ । समुदाय तहमा युवाहरुलाई विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।
- वडा तथा पालिका स्तरमा विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यन्वयन गरिने छ ।
- जलबायु अनुकुलन तथा जैबिक बिबिधता सम्बन्धि बिशेष योजना बनाई कार्यक्रम सञ्चालन गरिने छ ।
- यस ईन्द्रावती गाँउपालिकाका केही क्षेत्रहरु चट्याङका दृष्ट्रीकोणले अति संवेदनशील क्षेत्र देखिएको हुँदा यसबाट हुने जनधनको क्षेती न्यूनीकरण गर्न आवश्यक कार्यक्रम पहिचान गरि कार्यन्वयन गरिने छ ।
- **<u>बन पैदाबरमा आधारित काष्ठ तथा जडिबुटिजन्य उद्योग</u>** सञ्चालनको लागि मापदण्ड लगायतका व्यवस्था परिमार्जन गरी सहजिकरण गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।
- नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन्, प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयन गरिने छ ।
- गाउँपालिका भित्र हरियाली प्रवर्द्धन, वृक्षारोपण तथा वन विस्तार एवं वातावरण मैत्री बनाउन जोड दिईनेछ । गाउँ पालिकालाई ग्रीन सिटीको रुपमा विकास गरिनेछ । वन क्षेत्रको बैज्ञानिक एवं दिगो व्यवस्थापन गरी महत्वपूर्ण वनस्पति एवं जडीबुटीको विकास र विस्तार गरिनेछ । जलवायु अनुकुलन र पर्यावरण संरक्षण कार्यक्रमलाई जोड दिइनेछ । क्रमिक रुपमा १२ वटै वडालाई वातावरणमैत्री वडा र वातावरण मैत्री गाउँपालिका घोषणा गर्नका लागि आवश्यक कार्य गरिनेछ ।
- गाउँपालिका भित्रका पोखरी, ताल तलैया, वरपीपल चौतारीको संरक्षण र सम्बर्द्धन गरिनेछ । प्रदुषण नियन्त्रणको लागि वातावरणीय मापदण्डहरु निर्माण गरिनेछ । सामुदायिक वन उपभोक्ता समुहहरुसंगको सहकार्यमा सामुदायिक बन क्षेत्रमा बाँस, निगालो, अम्रिसो, अलैंचीमा आधारित उद्यमहरुको विकास गरिनेछ । सुरक्षित रिचार्च पोखरी निर्माण गरिनेछ ।
- विपद् व्यवस्थापनलाई सहज बनाउन गाउँपालिकामा विपद् व्यवस्थापन कोषलाई बृद्धि गरिनेछ । विपद्को आवश्यक पूर्व तयारी तथा विपद् पश्चात उद्धार, राहत तथा पुर्नस्थापनामा जोड दिइनेछ । साथै विपद् व्यवस्थापन गुरु योजनालाई क्रमिक रुपमा कार्यान्वयन गरिने छ । बिपद् ब्यवस्थापन ब्युरो गठन गरी परिचालन गरिनेछ ।
- बिपद् ब्यवस्थापनका लागि गैर सरकारी संस्थाहरुको समन्वयमा आपत्कालीन आश्रय स्थल निर्माण गरि सञ्चालन गरिनेछ ।
- सामुदायिक वनहरुमा अमिलो जातका फलफुलका साथै दाते ओखर, तितेपाती, क्यामोमाइल, टिमुर, निम, अलैंची, धसिंग्रे जातका जडिबुटी खेतीलाई प्रवर्द्धन गरी आयआर्जन र वातावरण व्यवस्थापन गरिनेछ ।
- दिन प्रतिदिन बन जंगलमा बढिरहेको डढेलो नियन्त्रणका लागि नयाँ प्रबिधिको प्रयोग गरि डढेलो नियन्त्रणमा बिशेष काम गरिनेछ ।

## शिक्षा नीति :

- शिक्षामा सवैको पहुँच कार्यक्रम सञ्चालन गरी विद्यालयभन्दा बाहिर कोहीपनि वालबालिका नरहने कुरालाई सुनिश्चित गरिनेछ ।
- गाउँ शिक्षा ऐन २०७५ वमोजिम मा. वि. तह सम्मको शिक्षा पूर्णतः निशुल्कः गरिनेछ । शैक्षिक बिकास कोषको स्थापना गरिने छ । गाउँपालिका भित्र संचालित २ वटै सामुदायिक क्याम्पसमा विद्यार्थी अनुपात बढाउँन विशेष अभियान सञ्चालन गरिनेछ ।

- कक्षा १ देखि नै अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था मिलाई सबै प्रकारका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइने छ ।
- शिक्षा क्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर लगायत कक्षा १ देखि १० सम्मका सबै विद्यार्थीहरुका लागि पोशाक निःशुल्क उपलब्ध गराउँन सहयोगी संस्थाको खोजी गरि प्राथमिकताको आधारमा कार्यान्वयन गरिनेछ ।
- शैक्षिक तथा खेलकूद सामाग्री वितरणको कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकार तथा बागमती प्रदेश सरकारसंगको सहकार्यमा आधारभूत तहका विद्यार्थीले पाउँदै आएको दिवा खाजाको कार्यक्रमको अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरुको अभिलेख ब्यवस्थापनलाई प्रविधी मैत्री बनाइनेछ ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी कम भएका विद्यालयलाई विद्यार्थी संख्याका आधारमा **शैक्षिक व्यवस्थापन अनुदान** प्रदान गरिनेछ । विद्यालय मर्ज भएर दरबन्दी मिलान गर्दा विद्यार्थी संख्या, कक्षागत संरचना र विषयगत विज्ञतालाई आधार मानिनेछ ।
- उत्कृष्ट विद्यालय, शिक्षक तथा उत्कृष्ट अंक प्राप्त गर्ने छात्रछात्रालाई पुरस्कृत गरिने छ ।
- भेटेनरी, सिविल इन्जिनियरिङ लगायत प्राबिधिक शिक्षालयहरु स्थापना गरि सञ्चालनमा सहयोग पुर्याईने छ । कम्प्युटर र कृषि प्राविधिक पठन पाठन हुने विद्यालयको पुर्वाधार विकासमा थप अनुदानको व्यवस्था मिलाइने छ ।
- बाल बिकास सहजकर्ता र बिद्यालय कर्मचारीले प्राप्त गर्दै आएको सुबिधामा गाँउपालिकाको तर्फबाट थप रकम उपलब्ध गराई नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक पाउने व्यवस्थालाई निरन्तरता दिइन्छ ।
- यस गाउँपालिकामा रहेका सवै विद्यालयहरुमा स्काउट, बाल क्लवको स्थापना र सञ्चलनको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- समुदाय स्तरमा सामुदायिक पुस्तकालय तथा अध्ययन केन्द्र स्थापना गरी सञ्चालनको व्यवस्था मिलाइने छ । विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालनमा विशेष जोड दिइने छ ।
- समायोजनमा गएका विद्यालयहरुको भवन तथा सम्पत्ति संरक्षण गरिने छ । समायोजन भएका विद्यालयको फर्निचर लगायतका सामानहरु आवश्यकताका आधारमा अर्को विद्यालयमा प्रयोगमा ल्याउँने व्यवस्था गरिने छ ।
- पालिका स्थायी घर भई विद्यावारिधी पुरा गरेका व्यक्तित्वहरुको सम्मान गरी पुरस्कृत गरिने छ ।
- आर्थिक रुपले विपन्न तथा अभिभावक गुमाएका वालकालिकालाई छात्रवृत्ति प्रदान गरी कम्तीमा स्नातक तहसम्मको पठन पाठनको व्यवस्था गर्न **टुहुरासंग अध्यक्ष** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता, अशक्त तथा शारीरिक रुपमा फरक क्षमता भएका बालवालिकाको कम्तीमा आधारभूत तहको पठन पाठनका लागि ऐंसेलुखर्क मा.वि.मा आवश्यक पुर्वाधार खडा गरि आगामी शैक्षिक सत्रबाट आवासीय पढाई प्रारम्भ गरिने छ ।
- गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसंग गरिएको कार्यसम्पादन मुल्यङकन प्रणलीलाई थप व्यवस्थित बनाउदै शैक्षिक उपलब्धी बृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ ।
- १२ कक्षासम्म अध्ययन गर्ने छात्राहरुलाई निशुल्क रुपमा स्यानिटरी प्याड उपलब्ध गराउँने व्यवस्था मिलाइने छ । प्रयोग गरिएका स्यानिटरी प्याडको नष्ट गर्ने आवश्यक प्रवन्ध मिलाइने छ । सबै विद्यालयलाई बालमैत्री विद्यालयका रुपमा विकास गर्ने नीति लिइनेछ ।
- एक विद्यालय एक करेसाबारी तथा हरेक विद्यालय एक फुलबारीको अवधारणा बमोजिम विद्यालयमा फुलबारी र करेसाबारी निर्माणमा जोड दिइने छ । नमुना विद्यालयको अवधारणालाई निश्चित मापदण्ड बनाई कार्यन्वयन गरिने छ ।
- पालिकाबाट एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गरेको विद्यार्थीले माथिल्लो कक्षामा प्राविधिक शिक्षा अध्ययन गर्न चाहेमा स्नातक तहसम्मको निजको शैक्षिक शुल्कः गाउँपालिकाको तर्फबाट व्यहोरिने छ । विपन्न नागरिक मध्येका उत्कृष्ट १ छात्र र १ छात्रालाई उच्च शिक्षा हासिल गर्न शैक्षिक छात्रवृत्तिको को नीति लिइने छ ।

- सिपातीनघरे संस्कृत मा.बि.मा गुरुकुलीय शिक्षा पद्धतिको थप विकास र बिस्तार गरि संस्कृत भाषा र साहित्यको संरक्षण र संवर्द्धनमा बिशेष जोड दिइनेछ ।
- विद्यालय बसको व्यवस्था गर्न पहल गरिने छ । समायोजनमा गई दुरीका कारण विद्यार्थीले बीचैमा पढाई छोड्ने वातावरण बन्न नदिनका लागि आवाशीय विद्यालयको स्थापना गरिने छ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक क्षमता विकास, वि.व्य.स. क्षमता विकास, शैक्षिक सामाग्री तथा कक्षा कोठाको व्यवस्थापन गरी शैक्षणिक मूल्याङकन पद्धतिलाई प्रभावकारी बनाइने छ ।
- स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्नका लागि स्थानीय पाठ्यक्रम, पाठ्य पुस्तक तयार गरी पठनपाठन शुरु गरिनेछ । स्थानीय पाठ्यपुस्तकलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ साथै पाठ्यपुस्तकमा रहेका भाषिक त्रुटीहरुलाई सच्याई पुनः प्रकाशन गर्दै लगिनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा ४/४ महिनामा एक पटक अनिबार्य शिक्षक बिद्यार्थी अबिभावक समन्वय बैठक गरि शैक्षिक समस्याहरु समाधान गर्न यसै वर्षबाट शुरुवात गरिनेछ ।
- नमुना बिद्यालयको मापदण्ड तयार गरि कार्यान्वयनमा ल्याइने छ ।
- स्यानिटरी प्याड पालिकाभित्रै उत्पादन र निशुल्क बितरणका लागि आवश्यक तालिम तथा पूर्वाधार निर्माण गरि स्वरोजगारमा बृद्धि ल्याइनेछ ।
- शैक्षिक सुधार तथा गुणस्तर बृद्धिका लागि शैक्षिक संस्था, बिद्यार्थी तथा शैक्षिक जनशक्ति अनुपात मिलाइनेछ ।
- शिक्षा क्षेत्रको सुधारका लागि शैक्षिक जनशक्तिको क्षमता विकास तथा प्रतिस्पर्धाको माध्यमबाट शैक्षिक जनशक्तिको व्यवस्थापनको नीति लिइनेछ ।
- आधारभुत तह कक्षा ५ तथा ८ को परीक्षालाई पालिकास्तरीय बनाइनेछ ।
- विद्यालय अनुगमन तथा मुल्याँकन पद्धतिलाई प्रभावकारी बनाई गुण र दोषका आधारमा प्रोत्साहन, पुरस्कार, दण्ड तथा सरुवाको नीति लिइनेछ ।
- नेपाल भाषा तथा तामाङ भाषालाई स्थानीय पाठ्क्रममा समाबेश गर्दै जाने नीति लिइनेछ ।

## युवा तथा खेलकुद नीति :

- पालिकाको ईन्द्रावती रंगशालालाई क्षेत्रीय स्तरको रंगशालाको रुपमा विकास गरि गाउँपालिका र क्षेत्रीय स्तरका सबै प्रतियोगिताहरु सञ्चालन गर्न पहल गरिनेछ ।
- गाउँपालिका स्तरीय खेलकुद परिषद् गठन गरी पालिकाले सञ्चालन गर्ने सबै प्रकारका खेलकुदका कार्यक्रमहरु यसै परिषद् मार्फत सञ्चालन हुने प्रवन्ध मिलाइने ।
- युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वरोजगार बन्न चाहेमा अनुदानको विशेष व्यवस्था गरिने छ ।
- ईन्द्रावती गाउँपालिकाको व्यापार, व्यवशाय, रोजगारी र गाउँपालिकाको पहिचानलाई जिल्ला स्तरमा पहिचान पुऱ्याउन खेलकुदका कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका स्तरमा कम्तीमा एक कवर्ड हल, खुला ब्यायामशाला तथा योग साधना केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याइने छ । १२ वटै वडामा खेलकुद मैदान क्रमशः निर्माण गर्दे जाने नीति लिइनेछ ।
- ईन्द्रावती गाउँपालिका युवा परिषद् गठन गरि युवा लक्षित कार्यक्रमहरु, युवा सम्बन्धी नीति यसै मार्फत तर्जुमा गरि सञ्चालन गरिने छ ।
- राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषद् संगको सहकार्य र समन्वयमा नमुना युवा संसद सम्वन्धि अभ्यास गरिने छ ।
- पालिकामा स्थायी घर भएका राष्ट्रिय तथा आन्तर्राष्ट्रिय खेल जीवनमा पदक जितेका खेलाडीहरुलाई सम्मान गरिने छ ।
- युवाहरुमा रोजगारीको अवसर वृद्धि गर्नका लागि गाउँपालिकाको केन्द्रमा सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्न सहयोग गरिने छ ।

- युवा क्लवहरुको गठन र परिचालनमा विशेष सहयोग पुर्याइने छ ।
- युवाहरुलाई क्षमता विकासका साथै आयआर्जनमुलक कार्यमा जोड्न पढ्दै कमाउँदै कार्यक्रम अभियानकै रुपमा अघि बढाइने छ ।
- खेलकुदलाई व्यवसाय बनाउँन चाहने युवाहरुका लागि खेलकुद प्रशिक्षणको व्यवस्था मिलाइने छ ।
- अध्यक्षकप खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

## स्वास्थ्य नीति :

- यस गाउंपालिकालाई पुर्णखोप सुनिस्चित गाउँपालिकाको रुपमा कायम गरिने छ ।
- सिपापोखरे स्वास्थ्य चौकीलाई वर्थिङ सेन्टरको रुपमा सुचिकृत गरि वर्थिङ सेन्टर संचालन गरिने छ ।
- सबै स्वास्थ्य संस्थामा खानेपानी, तथा शौचालय ,प्रतिक्षालय आदिको व्यवस्था गरि वातावरण मैत्री तथा विरामी मैत्री स्वास्थ्य संस्था बनाईने छ ।
- साबिकका गा.बि.स.मा रहेका स्वास्थ्य चौकी /अस्पतालबाट संचालन हुदै आएको खोप कार्यक्रम, गाउंघर क्लिनिक कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेबिका कार्यक्रम सम्बन्धित वडामा रहेको सामुदायिक स्वास्थ्य इकाईबाटै संचालन गर्न आवश्यक प्रबन्ध मिलाईने छ ।
- महामारीबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमप्रति पूर्व तयारीलाई प्राथमिकता दिई **मानव जीवन बचाउने** अभियानलाई पहिलो प्राथमिकता दिईनेछ ।
- वडा नं ४ मा रहेको नवलपुर अस्पतालमा सेवा बिस्तार गरी थप सुबिधा सम्पन्न गरिनेछ । आवश्यक मात्रामा स्वास्थ्यकर्मीहरुको ब्यवस्था गरि थप क्षमता अभिबृद्धि गरिनेछ ।
- नेपाल सरकारबाट प्राप्त हुने सबै प्रकारका औषधीहरु जुनसुकै स्वास्थ्य ईकाइहरुबाट सहज रुपमा नि:शुल्क पाउने ब्यवस्था सुनिश्चत गरिनेछ ।
- स्वास्थ्य सेवालाई अझ विश्वासिलो, भरपर्दो र पहुँचयोग्य बनाउन तथा वर्तमान परिस्थितीसंग सामना गर्नसक्ने वनाउन प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुलाई आवश्यकतानुसार सुविधायुक्त वनाउँदै लगिनेछ । स्वास्थ्य संस्थाहरुमा इन्टनेट सुबिधा विस्तार गरि अनलाइन परामर्श सेवा उपलव्ध गराइनेछ । स्वास्थ्य संस्थाहरुमा खानेपानी, बिद्युत तथा शौचालयको यथोचित प्रवन्ध गरी बिरामीमैत्री वातावरण निर्माण गरिनेछ ।
- राष्ट्रिय महिला स्वास्थ स्वयंसेविकाहरुको सेवाको उचित मूल्यांकन गरिनुको साथै उनीहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन र **<u>राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कोष</u>** लाई व्यवस्थित गरिनेछ । उनीहरुलाई प्रोत्साहन भत्ता स्वरुप मासिक थप रु १०००। (एक हजार) दिने ब्यवस्थालाई निरन्तरता दिइनेछ ।
- उपाध्यक्षसंग सुत्केरी महिला कार्यक्रम अन्तर्गत आमाहरुको प्रसुती स्वास्थ संस्थामा गराउने सुनिश्चितताका लागि महिलाले दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउँदा नेपाल सरकारले उपलव्ध गराएको रकममा रु.१००० थप सहयोगलाई निरन्तरता दिइनेछ ।
- पोषणका लागि **संस्थामा अण्डा घरघरमा झण्डा** कार्यक्रमलाइ निरन्तरता दिइनेछ । घरमा हुने प्रसुती शुन्य घोषणा गर्न आवश्यक तयारी अघि बढाइने छ । प्रसुती पूर्वको स्वास्थ्य परीक्षण नि:शुल्क गरिनेछ । बर्थिङ सेन्टर नभएका स्वस्थ्य चौकीलाई बर्थिङसेन्टरको सुविधायुक्त बनाइने छ । बर्थिङसेन्टरमा मोबायल भिडियो एक्सरे सुबिधा उपलव्ध गराइनेछ साथै अन्य आवश्यक यन्त्र, मेसिन र उपकरणहरु व्यवस्था गरिनेछ ।
- बालबालिकाहरुलाई खोपको पहुँच अभिवृद्धि गर्दै पूर्ण खोपयुक्त गाउपालिका घोषणा गरि गाउँघर खोप क्लिनिक निरन्तरता दिईनेछ । टोलटोलमा खोप अभियानलाई निरन्तरता दिइनेछ ।
- समुदाय, ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाती तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एकीकृत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरेक महिना जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणका लागि जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **<u>स्वास्थ बिमा कार्यक्रम</u>**लाई प्रभावकारी बनाइनेछ ।

- अनिवार्य रुपमा जाँच गर्न पर्ने समयमा गर्भ जाँच गराउन आउदाँ पोषणको व्यवस्था सहित उचित प्रोत्साहन गरिनेछ । शिघ्र कुपोषणको चपेटामा परेका बालबालिकाको पहिचान गरी निःशुल्क उपचारको व्यबस्था मिलाईने छ ।
- आँखाका विरामीहरुको उपचारको समस्यालाई दृष्टिगत गरि नवलपुर प्राथमिक अस्पतालमा आँखा क्लिनिक शुरु गरिएकोमा आँखा क्लिनिकको थप क्षमता अभिबृद्धि गरिनेछ ।
- आर्थिक अभाव र भौगोलिक विकटताका कारण ईन्द्रावती गाउँपालिकाको दुर दराजमा रहेका विपन्न नागरिकलाई लक्षित गरि आँखा जाँच, मोतियाविन्दु शिविरको आयोजना गरिनेछ । मोतियाविन्दु अपरेशन गर्ने नागरिकका लागि रु २००० पोषण खर्चलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाका कुनैपनि नागरिकका लागि रक्त अभावका कारण ज्यान जान नपाओस भन्ने उद्देश्यले नेपाल रेडक्रसको ब्लड बैंकबाट रगत खरिद गर्दा सोको खरिद बील गाउँपालिकामा पेश गरेमा उक्त बीलको रकम संवन्धित व्यक्तिलाई उपलब्ध गराइनेछ ।
- आर्थिक अवस्था कमजोर भएका ६५ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई सुगर प्रेसर तथा मुटु सम्वन्धी दिर्घ रोगीहरुलाई अत्यावश्कीय औषधी निःशुल्क उपलब्ध गराइनेछ ।
- आमा समुहको नियमित बैठकको खाजा खर्च गाउँपालिकाको तर्फबाट व्यहोरिने ब्यवस्थालाई निरन्तरता दिइने छ ।
- १२ वटै वडामा स्वास्थ्य परीक्षण शिविर, आँखा शिबिर र महिला स्वास्थ्य शिबिर सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारले तोकेका आठ प्रकारका प्राण घातक दीर्घ रोगीहरुलाई यस अघि गाउँपालिकाले एक पटकका लागि दिँदै आएको रु १५ हजार रकमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकामा रहेका एम्बुलेन्सहरुको नियमन, व्यवस्थापन र सञ्चालनका लागि एम्बुलेन्स व्यवस्थापन समिति निर्माण गरि व्यवस्थित गरिनेछ । एम्बुलेन्स सञ्चाल कार्यबिधि बनाई एम्बुलेन्स सञ्चालनलाई ब्यवस्थित गरिनेछ । सबै एम्बुलेन्सहरुमा जिपिएस प्रविधि जडान गरिने छ ।
- खोप क्लिनिक तथा गाउँघर क्लिनिकलाई व्यवस्थित गरिने छ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- किशोर किशोरीमैत्री स्वास्थ्य संस्था निर्माणको सुरुवात गरिने छ ।
- गाउँपालिका र नेपाल सरकारको स्थानीय जडीवुटीको प्रवर्द्धन विकास र योग ध्यानको महत्व को प्रचार प्रसार गर्न आयुर्वेदिक लाभ लिन गाउँपालिकामा एक आर्युवेद केन्द्र सञ्चालन गरिनेछ। खुल्ला ब्यायामशाला निर्माण र सञ्चालन गर्दै जाने नीति लिइनेछ ।
- भोटसिपा स्वास्थ्य चौकी र कुन्चोक स्वास्थ्य चौकीको वर्थिङ सेन्टरमा आवश्यक सामाग्रीहरु बिभिन्न दाता निकायहरुसंगको साझेदारीमा सहयोग गरिनेछ । अन्य वर्थिङ सेन्टरमा आवश्यक सामाग्रीहरु क्रमशः पुरा गर्दै लगिनेछ ।
- दातृ निकायसंगको साझेदारीमा सिम्पालकाभ्रे स्वास्थ्य चौकी, कुन्चोक स्वास्थ्य चौकी र बाडेगाउं स्वास्थ्य चौकीको भवन निमार्ण कार्य आगामी २ बर्ष भित्र सम्पन्न गरिने छ ।
- दुर्घटनाबाट हुने मानविय क्षेति न्युनिकरण गर्न सबै स्वास्थ्य कर्मीलाई primary trauma care तालिमको प्रबन्ध मिलाइने छ ।
- पालिकामा सञ्चालित वर्थिङ सेन्टररुलाइ ब्यवस्थित तथा सुबिधा सम्पन्न बनाउदै लगिने छ ।
- जेष्ठ नागरिक तथा असक्त हरुको स्वास्थ्य उपचार , परामर्श गर्न जेष्ठ नागरिक स्वास्थ्य सेवा घर दैलो कार्यक्रम लाई निरन्तरता दिइने छ ।
- बालमैत्री, पोषण मैत्री तथा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था निर्माण गर्ने नीति लिइनेछ ।
- प्रत्यक स्वास्थ्य संस्थामा ६ /६ महिनामा MSS गरि MSS मा तोकिएका सबै बिषयहरु पुरा गरिने छ ।
- स्वास्थ्य संस्था तथा कर्मचारी स्तरिय प्रतिस्पर्दा गराई उत्कृष्ट स्वास्थ्य संस्था तथा कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ ।

- Home delivery free गर्न पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी गराउंन एक तर्फी एम्बुलेन्स खर्च पालिका बाट व्यहोरिने छ । क्षयरोग तथा  औलो मुक्त अभियानलाई विषेश प्राथमिकता दिई कार्यक्रम संचालन गरिने छ ।
- हरेक स्वास्थ्य संस्थामा पोषण कर्नर र स्तनपान कक्ष स्थापना गरिने छ ।

**बस्ती तथा शहरी बिकाश नीति :**

- **राष्ट्रिय भूमिहीन तथा सुकुम्बासी समस्या समाधान आयोग** संगको सहकार्यमा भूमिहीन सुकुम्वासी, भुमिहिन दलित तथा अव्यवस्थित बसोबासीको लगत संकलन, जग्गा पहिचान तथा जग्गा नापजांच कार्यको गत वर्ष सुरु भएको कार्यलाई निरन्तरता दिई भूमिहीन सुकुम्बासीलाई पुर्जा वितरण गरिनेछ ।
- संघ तथा प्रदेश सरकारको समन्वयमा बसोबासका लागि सुरक्षित पर्ति जग्गा छनौट गरि भूमिहीन सुकुम्बासीहरुलाई एकिकृत बस्ती निर्माण गरि बसोबासको प्रबन्ध मिलाउँन पहल गरिनेछ ।
- **भू उपयोग नीति** तयार पारी व्यबस्थित बस्ति तथा कृषि र संरक्षण योग्य जमिन पहिचान गरिनेछ ।
- **जोखिम वस्तिहरुको पहिचान गरि त्यस्ता वस्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य संघिय सरकार प्रदेश सरकार र गाउँपालिकाको सहाकार्यमा गरिनेछ ।**

**श्रम तथा रोजगार नीतिः**

- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजनालाई थप व्यवस्थित गरि अल्पकालिन रोजगारीका अवशरमा बृद्धि गरिनेछ ।
- बेरोजगारको सूचीकरणलाई थप व्यवस्थित र प्रबिधिमैत्री बनाइनेछ । सूचीकृत बेरोजगारलाई प्राथमिकताको आधारमा काममा खटाउने व्यवस्था गरिनेछ ।
- सीप बिकास तथा आयआर्जन कार्यक्रम सञ्चालन मार्फत स्वरोजगार सृजनाका कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारीमा जान चाहनेहरुका लागि सुरक्षित आप्रवासन कार्यक्रम सम्वन्धि परामर्श सेवा प्रदान गरिनेछ । बैदेशिक रोजगारीबाट फर्केकाहरुको तथ्याँक संकलन गरि पुनः एकीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- निजी तथा सहकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा आन्तरिक रोजगारका अवसरहरुको पहिचान गरि आन्तरिक रोजगार प्रवर्द्धन मार्फत बढ्दो जनशक्ति पलायनलाई कम गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरि सफल तथा उदाहरणीय उद्यमीहरुलाई प्रोत्साहन तथा सम्मान कार्क्रम सञ्चालन गरिनेछ ।
- समान कामका लागि समान ज्याला कायम गरिनेछ ।

**सूचना प्रबिधि तथा सञ्चार नीति :**

- पालिकाको सेवा तथा सूचनाहरु अनलाइन मार्फत प्रसारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुबिधालाई बिद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी बनाईनेछ ।
- सेवा प्रवाहमा टोकन प्रणाली, सार्बजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधी प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नेटिस बोर्ड र सामजिक सञ्जाल लगायत बिबिध प्रबिधिलाई प्रभावकारी बनाईनेछ ।
- सूचना प्रबिधिको उच्चतम प्रयोग सम्बन्धि वडा स्तरमा जनसमुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिकाको सूचना प्रवाहका लागि एकद्वार प्रणाली अपनाइनेछ । सूचना अधिकारी मार्फत जानकारी गराई सूचना अदानप्रदानलाई प्रभावकारी बनाईनेछ ।
- पालिकामा बनेका ऐन, नियमावली, कार्यबिधिहरु अद्यावधी गरी वेवसाइटमा राखिनेछ ।
- सूचनाको हकको प्रत्याभूति गराउँदै गाउँपालिका भित्र एक बिद्युतीय सूचना केन्द्रको स्थापना गिरनेछ ।

- ईन्द्रावती एप निर्माण गरी सूचना तथा सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।

## सामजिक सुरक्षा तथा पञ्जीकरण नीतिः

- नेपाल सरकारले गरेको अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार सन २०२४ सम्ममा सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुर्याउने लक्ष्य अनुसार ईन्द्रावती गाउपालिका भित्र रहेका सबै वडामा सप्ताहव्यापी कार्यक्रम सञ्चालन तथा परिपत्र सम्पर्क तथा समन्वय गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य नागरिकहरुको लागि प्रत्येक वडामा सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित बनाउन वडा सचिव तथा सम्बन्धित कर्मचारीहरुलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा लाभग्राहिको गुनासो समयमै दर्ता र फछ्र्यौट गरिनेछ ।
- पालिकामा अति विपन्न परिवार सुविधाबाट वञ्चित तथा अशक्त व्यक्तिहरुको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ साथै एकल पुरुष र ग वर्गका अपाँगता भएका नागरिकलाई प्रदान गर्ने सामाजिक सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।
- यस पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका लाभग्राहीहरुका लागि सम्बन्धित बैकसँग आवश्यक समन्वय गरि वडा कार्यालय मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कामलाइ निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण कार्यलाई नेपाल सरकारले व्यवस्था गरे अनुरुप पूर्ण प्रविधिमैत्री बनाइनेछ ।

## न्याय निरुपण र मेलमिलाप नीति :

- न्यायिक कार्यसम्पादनलाई छिटो छरितो सरल, सहज र कम खर्चिलो रुपमा समाजमा हुने विवादलाई सहजिकरण तथा समाधानको लागि न्यायीक समितिको अधिकारक्षेत्रको प्रयोग गरीनेछ ।
- मिलापत्र भएको विवादहरुको कार्यान्वयनको पक्षका बारेमा वडा स्तरमा निगरानी समुह परिचालन गरीनेछ ।
- सबै वडा कार्यालयमा स्थापना भएको सामुदायिक मेलमिलाप केन्द्रलाई ब्यवस्थित गरी मेलमिलापको माध्यम बाट विवाद समाधानमा जोड दिइनेछ र व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- न्यायिक समिति तथा मेलमिलापकर्तालाई मेलमिलाप न्यायिक प्रक्रिया न्यायिक निरुपणका लागि क्षमता अभिबृद्धि गरिनेछ ।
- हिंसा प्रभावित महिला, बालबालिका र जेष्ठ नागरिकहरुलाई सुरक्षित आवास (सेफ हाउस) अल्पकालिन रुपमा सुरक्षित बास, छोटो अवधिको सिपमुलक तालिम लगायत अन्य कार्यक्रम संञ्चालन गरिनेछ ।
- लैगिक विभेदमा आधारित हिसाका घट्नाहरु अभिलेखिकरण र विश्लेषण गर्ने र हिंसा सम्बोधन गरिनेछ ।
- न्यायिक समितिलाई लैंगिक हिंसा भित्रको संवेदनशिलतालाई व्यवस्थापन गर्नका लागि क्षमता अभिवृद्धि गरिनेछ
- वडा तथा समुदायस्तरका मेलमिलाप केन्द्रहरुलाई प्रभावकारी बनाइनेछ ।

## महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता नीतिः

- महिला शसक्तिकरणका लागि मानव वेचविखन, घरेलु हिंसा, बहुबिबाह, नेतृत्व बिकास, लैंगिक हिंसा तथा विभिन्न खाले सचेतना, गोष्ठी, तालिम, तथा महिला लक्षित आयआर्जन, सीपमूलक कार्यक्रमहरु सञ्चालन गरि महिलालाई आत्म निर्भर बन्न प्रोत्साहन गरिनेछ ।
- घरेलु हिंसा, असुरक्षित वैदेशिक रोजगार, वहुविवाह, मानव वेचविखन लगायतबाट प्रभावित महिलाहरुलाई निःशुल्क कानुनी सहायता प्रदान गरिनेछ । त्यस्ता महिलालाई अल्पकालिन संरक्षणका लागि **सेफ हाउस** सञ्चालन गरी आश्रय प्रदान गरिनेछ र सो कार्यका लागि अन्य छिमेकी पालिकाहरुसंग समेत आवश्यक समन्वय गरिनेछ ।
- **सुखी र खुशी दम्पत्ति महिलाको नाममा सम्पत्ति** अभियानका साथ महिलाको नाममा जग्गा जमिनको तथा सम्पत्तिको स्वामित्व कायम गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाद्धारा सञ्चालित सहकारीहरुलाई महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालनमा बिशेष प्रोत्साहन गरिनेछ ।

- हिंसा पिडित व्यक्तिहरुका लागि मनोबैज्ञानिक परामर्श प्रदान गर्नका लागि प्रत्येक वडामा कम्तिमा एक जना मनोबैज्ञानिक बिमर्शकर्ता तयार गरि मनोसामाजिक बिमर्शका कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित वैदेशिक रोजगारीका लागि **सुरक्षित आप्रवासन कार्यक्रम** सञ्चालन गरिनेछ । बैदेसिक रोजगारमि जान चाहने महिलाहरुका लागि बिशेष परामर्श सेवा प्रदान गरिनेछ ।
- ईन्द्रावती गाउँपालिकालाई बालमैत्री पालिका बनाइनेछ । वडा स्तर तथा पालिका स्तरमा बाल सञ्जाल गठन गरी बालबालिकाहरुलाई वालमैत्री गाउपालिका घोषणाका सुचक बमोजिमका न्युनतम सेवा, सुविधा र संरक्षणको कार्यक्रम सञ्चालन गरिनेछ । बाल बिबाह नियन्त्रणका लागि प्रदेश सरकारसंगको समन्वयमा बस्ती स्तरमा बिशेष जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालविवाह, वालश्रम, वालदासत्व विरुद्ध कार्यक्रमहरु वाल संजाल, वाल संरक्षण समिति र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गगता भएका ब्यक्तिहरु लक्षित कार्यक्रमहरु सोही समुदायको सहभागितामा सञ्चालन गर्ने गरी सञ्जालहरुको गठन, पुनर्गठन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- माझी र दनुवार समुदायमा रहेको वाल विवाह न्युनीकरण गर्न २० वर्ष सम्म विवाह नगरेका र +२ पास गरेका यूवतीहरुलाई वार्षिक प्रोत्साहन स्वरुप रकम दिन चेली प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- वालवालिकाको शारीरिक, मानसिक, र समग्र पक्षको क्षमता विकासका लागि प्रत्येक वडामा क्रमसः वालमैत्री उद्यान तथा बाल मानोरञ्जन स्थल, पार्क निर्माण गर्ने गरि वजेटको सुनिश्चिता गरिने छ ।
- पालिका तहमा वाल संरक्षण कोषको व्यवस्था गरिने छ ।
- गाउँपालिका क्षेत्रमा निर्माण गरिने सार्बजनिक भौतिक पुर्वाधारहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकरण गरि सबैले परिचय पत्र सहज रुपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।
- अपाङ्गताको प्रकृति हेरी अपाङ्गता सहायता सामग्रीहरु उपलब्ध गराईने छ ।
- अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, बीउ पूँजी सहितका आयमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ ।
- अपाङ्गगता भएका व्यक्तिहरुको सम्मान र उचित रेखदेख, पालन पोषण कार्यको लागि कार्यविधिको निर्माण गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको विशेष आवश्यकता र भावनालाई कदर गरि सम्मानित एवं सुरक्षित जीवनयापनमा सहयोग पुग्ने गरि **जेष्ठ नागरिक सहायता कोषको** स्थापना गरिनेछ । उक्त कोष मार्फत जेष्ठ नागरिकको नियमित निःशुल्क स्वास्थ परीक्षण र नियमित खानुपर्ने औषधी निःशुल्क वितरणको व्यवस्था मिलाईनेछ ।
- जेष्ठ नागरिकहरुको जीवनयापनलाई सहज र सम्मानित एवम् मर्यादित बनाउन वडा नं. ५ को गोल्माथानमा **जेष्ठ नागरिक आश्रम** सञ्चालन संगै कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत सामाजिक सुरक्षा रकम वितरण कार्यलाई बैक तथा सुरक्षा निकायसंग आवश्यक सहकार्य गरि वडा कार्यालय मार्फत बितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आमा बुवा दिवा सेवा केन्द्र सञ्चालन तथा वृद्धाआश्रमलाइ सहयोग गर्ने नीति लिइनेछ ।
- स्थानीय सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ग वर्गका अपाङ्गगता भएका तथा एकल पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछ ।
- उपाध्यक्ष सँग समृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रदेश सँगको सहकार्यमा गृहिणी महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।

**आदिवासी, जनजाति तथा उत्पीडित जाती उत्थान नीतिः**

- सिमान्तकृत, लोपोन्मुख तथा उत्पीडित जातीको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गरिनेछ । उनीहरुको आर्थिक अवस्था सुधार गर्न **सीप विकास तथा आयमूलक कार्यक्रम**हरुमा पहुँच बृद्धि गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्बर्द्धन गर्न उपयुक्त स्थानमा संग्रहालयको स्थापना र संरक्षणमा जोड दिईनेछ ।
- दलित समुदायको अवस्था पहिचान गरि कार्यक्रम सञ्चालन गर्नका लागि दलित प्रोफाइल तयार गरिनेछ ।
- आदिवासी जनजाति तथा दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायिकरण गर्नको लागि आवश्यक सीप तथा प्रबिधि हस्तान्तरण गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- आदिबासी जनजाती तथा दलितहरुको हक हितको रक्षा, बिभेदको उन्मुलन तथा क्षमता बिकासका कार्य गर्नका लागि पालिका स्तरमा एक/एक  समिति बनाइनेछ ।
- अन्तरजातीय बिबाह गरेका दम्पत्तीलाई नगद सहित सम्मान गरिने छ। साथै परिवारले स्वीकार नगरेमा उनीहरुलाई सामाजिक सुरक्षा प्रदान गरिनेछ ।
- लोपोन्मुख तथा अल्पसंख्यक जातिको भाषा, धर्म, संस्कृतिको खोज, अध्ययन, अन्वेषण गरिनेछ ।

## साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारिता नीति :

- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्वर्द्धनको कार्यलाई निरन्तरता दिन आवश्यक वजेटको व्यवस्था गरि कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राथमिक तह सम्म मातृ भाषामा अध्ययन गर्न प्रोत्साहित गरिनेछ । साथै स्थानीय पाठयक्रम र पाठ्यपुस्तक निर्माण गरि लागू भएका पाठ्यपुस्तक निशुल्क उपलब्ध गराउने कार्यलाइ निरँन्तरता दिईनेछ ।
- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा जोड दिंदै सुशासन, पारदर्शिता, पर्यटन प्रवर्द्धन र गांउँपालिकाले लिएका अग्रसरताका वारेमा जनतालाई सुसुचित गर्ने तथा नागरिकको सल्लाह सुझाव लिने पृष्ठपोषण सँयन्त्रको रुपमा सँचार क्षेत्रसंग सहकार्य गरिनेछ ।
- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा सहयोग गरिनेछ । लोक कल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी र मितव्ययी बनाईनेछ ।
- आधारभुत पत्रकारिता तालिम कार्यक्रम सञ्चालन गरि युवालाई पत्रकारिता तर्फ आकर्षित गराउने नीति लिईनेछ ।
- विभिन्न विद्यालयहरु मार्फत साहित्यिक गतिविधिहरु सञ्चालन गरिनेछ ।
- ईन्द्रावती गाउँपालिका स्तरीय प्रज्ञा प्रतिष्ठान गठन गरि भाषा, साहित्य र संस्कृतिको संरक्षण सम्बर्द्धन र प्रबर्द्धन गरिनेछ । नियमित रुपमा पालिका स्तरीय साहित्यिक प्रकाशन गर्ने ब्यवस्था गरिनेछ ।
- मातृ भाषमा पालिका स्तरीय प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## मानव संसाधन विकास नीति :

- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उपभोक्ता समितिलाई सार्बजनिक निर्माण सम्बन्धि अभिमुखिकरण सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- कर्मचारीहरुको मनोबल उच्च राख्न **मौद्रिक गैरमौद्रिक प्रोत्साहन**का साथै अध्ययन अबलोकन भ्रमण र **उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत** गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति तथा ठेकदार कंपनी  पुरस्कृत गरिने छ ।
- बजार अनुगमन तथा स्थानीय सुरक्षा समेतका आधारमा विश्लेषण गरि यसै आर्थिक वर्षमा _कम्तिमा एक पटक उपभोग्य वस्तुको गुणस्तर परीषण गरिनेछ ।

## .सामाजिक परिचालन नीतिः

- समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट पूर्व गठित समूहहरुलाई नै परिचालन गर्ने तथा निस्कृय समुहहरुको पुर्नगठन गरिने छ ।
- सामाजिक सशक्तिकरणको लागि वडा वडामा टोल बिकास संस्था गठन गरी समुदायको परिचालन गरिने छ ।
- टोल विकास संस्थाहरुको संस्थागत विकास गर्न गाउँपालिकामा सुचिकृत गर्ने, मसलन्द तथा अन्य सामाग्री सहयोग गर्ने नीति लिईनेछ ।
- टोल विकास समिति मार्फत सरसफाई तथा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- उपभोक्ता समितिवाट हुने कामहरुलाई टोल विकास संस्थाहरु मार्फत सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

## गैर सरकारी संस्था/उपभोक्ता समिति सम्बन्धि नीति :

- गैर सरकारी संस्थाहरुले गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्नुपूर्व उसको कार्यक्रमका सन्दर्भमा योजना तर्जुमा प्रकृयामा अनिवार्य रुपमा सहभागिता जनाउँनु पर्ने छ ।
- गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह लगानीमा गर्न सकिने गरि नीतिगतलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।
- आयोजना सञ्चालन सम्बन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।

## आन्तरिक स्रोत परिचालन सम्बन्धी नीति :

- विज्ञापन कर, ब्यबसाय कर, घर बहाल करलाई ब्यबस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ । करको दायरा फराकिलो गर्न करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- कर प्रणलीलाई पूर्णरुपमा अनलाइन मार्फत गरिनेछ ।
- करका दायराहरु फराकिलो पार्न नया स्रोतहरुको पहिचान गरिनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
- समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसला स्वरुप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- पालिकाको आन्तरिक आयलाई बृद्धि गर्नका लागि खानीजन्य वस्तु तथा कवाडीमा कर लागाइनेछ ।

## अनुगमन तथा सुपरीवेक्षण नीति :

- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुविष्ठ वनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमी हुन दिईने छैन । अनुगमन तथा सुपरिवेक्षण पश्चात प्रतिवेदन दिने र सोका आधारमा पृष्ठपोषण लिने कार्यलाई थप व्यवस्थित बनाईनेछ ।
- गाउपालिका क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System)को मर्मअनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउपालिकाबाट सञ्चालित योजनाहरुको अन्तिम अनुगमन पश्चात भुक्तानी गर्न उपयुक्त देखिएका योजनाहरुको अनुगमन भएको एक हप्ता भित्रमा अनिबार्य रुपमा भुक्तानी गरिसक्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र अन्य निकायहरुवाट संचालित आयोजना तथा कार्यक्रमको गाउँपालिका स्तरीय अनुगमन सुरपरिवेक्षण समिति वाट हुनेछ । अनुगमन तथा सुपरिवेक्षणमा देखिएका कमीकमजोरीहरु सुधार गर्नको लागि सम्वधित निकाय समक्ष अनुरोध गर्ने र अनुगमनको प्रतिवेदन गाउँकार्यपालिमा पेश गर्ने गरि परिचालन गरिनेछ ।

- हरेक आयोजनाहरुको बारेमा अन्तिम भुक्तानी पूर्व सार्वजनिक सुनुवाई अनिवार्य गरिने छ। वर्षको १ पटक आ.व. को मसान्तमा वडा स्तरीय र पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ। सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा वार्षिक रुपमा अनिवार्य सार्वजनिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

## संगठन तथा सुशासन नीति :

- स्थानीय तहका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- विद्यमान सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाई अझ बढी व्यवस्थित र सुलभ बनाइने छ। भत्ता प्राप्त गर्ने नागरिकहरुको नामावली गाउँपालिकाको Website मा राख्ने व्यवस्था समेत मिलाइनेछ।
- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- उच्च स्तरको कार्यसम्पादनमा रहेका कर्मचारीलाई प्रोत्साहन भत्ता उपलव्ध गराइँदै आएकोमा, प्रोत्साहन भत्ता रकम र नगद पुरस्कार तथा सम्मानको ब्यबस्थालाई निरन्तरता दिइनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ
- स्थानिय न्यायिक समिति मार्फत शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ। न्यायिक समितिको थप क्षमता अभिबृद्धि गरिनेछ
- गाउँपालिकाद्धारा तयार भएको व्यवस्थापन तथा सर्वेक्षणलाई स्वीकृत गरि सो अनुसारको दरवन्दी पदपूर्ति प्रकृयालाई अगाडी वढाइनेछ।

**सभासद्ज्यूहरु,**

नीति कार्यक्रम र बजेट कार्यान्वयनबाट ईन्द्रावती गाउँपालिकाले आकस्मिक रुपमा आउने विभिन्न खालका महामारी एबं प्रकोपवाट उत्पन्न मानवीय संकटवाट ईन्द्रावतीबासी दाजुभाई तथा दिदीबहिनीहरुलाई सुरक्षित राख्न, यस्ता प्राकृतिक प्रकोप तथा महामारीवाट सुरक्षित वनाउन केही मद्दत पुग्ने विश्वास लिएको छु। यसै गरी नियमित विकास प्रकृया अन्तरगत विनियोजित कार्यक्रम र बजेट मार्फत ईन्द्रावती गाउपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा मानवीय क्षमता विकासका गतिविधि सम्पादन गरि ईन्द्रावती गाउपालिकालाई सक्षम र समृद्ध वनाउदै लाने विश्वास लिएको छु। हामीले **समृद्ध ईन्द्रावती** लक्ष्यसाथ शुरु गरेको यस वर्षको कार्यक्रमले पक्कै पनि ठोस परिणाम दिनेछ भन्नेमा म विश्वस्त छु। ईन्द्रावती गाउँपालिकाको समृद्धिका लागि सहयोग र सद्भाव राख्नु हुने नेपाल सरकार, बागमती प्रदेश सरकार, यस क्षेत्रका आम नागरिक, नीजि क्षेत्र, सरकारी तथा गैह्र सरकारी क्षेत्र, सामुदायिक संस्था, संचारकर्मी लगायत प्रति हार्दिक आभार व्यक्त गर्दछु। विनियोजित कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्बन्धित सबै पक्षको सहयोग रहने अपेक्षा गरेको छु। नीति तथा कार्यक्रम तर्जुमाको क्रममाः मार्गनिर्देश गर्नु हुने गाउँकार्यपालिका सदस्यहरुमा आभार प्रकट गर्दछु। साथै सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई धन्यवाद प्रकट गर्दछु।

**अन्त्यमा,**

विभिन्न खालका महामारी र विश्वव्यापी आर्थिक मन्दी जस्ता असहजताका कारण असहज वनिरहेको मानवीय सभ्यताको रक्षा, रोग, भोक र गरिवीको दुष्चक्रवाट माथि उठने हाम्रो साझा प्रयासमा सवैको उत्तिकै योगदान आजको आवश्यकता हो। असीमित मानवीय तथा सामाजिक आवश्यकता तथा चाहना बीच सीमित साधनद्धारा समृद्धि हासिल गर्न कुशल र मितव्ययी व्यबस्थापन जरुरी रहेको हुन्छ। यस स्थानीय सरकारद्धारा विनियोजित नीति, कार्यक्रम तथा बजेटले आर्थिक, सामाजिक विकासका अनेकौं सम्भावनाका ढोकाहरु पहिल्याएको सन्दर्भमा सबै एकबद्ध भयौं भने समृद्धि सम्भव देखिन्छ। यस अभियानमा सबैको सकारात्कम सल्लाह, सुझाब तथा सहयोगको लागि हार्दिक अपिल गर्दछु। धन्यवाद।